# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti


धम्मसङ्गणि पाठ गर्नुहुँदै श्रद्धेय उ सुजनपिय भन्ते सहित श्रद्धेय भिक्षु संघ


विभङ्ग पाठ गर्नुहुँदै श्रद्धेय बोधिज्ञान भन्ते सहित श्रद्धेय भिक्षु संघ


धातुकथा पाठ गर्नुहुँदै श्रद्धेय पियदस्सि भन्ते सहित श्रद्धेय भिक्षु संघ


पुगलपञ्ञति पाठ गर्नुहुँदै श्रद्धेय भद्दिय भन्ते सहित श्रद्धेय भिक्षु संघ


कथावत्थु पाठ गर्नुहुँदै श्रद्धेय निग्रोध भन्ते सहित श्रद्धेय भिक्षु संघ


यमक पाठ गर्नुहुँदै श्रद्धेय कोण्डञ्य भन्ते सहित श्रद्धेय भिक्षु संघ


पट्ठान पाठ गर्नुहुँदै श्रद्धेय धर्ममूर्ति भन्ते सहित श्रद्धेय भिक्षु संघ

वर्षः ४३, अङ्कः ४

बु.सं. २५६९, गुंपुन्हिः

# भिक्षुणी डा. धम्मवती गुरुमांको ९२ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा मङ्गल पाठ



मङ्गल पाठ गर्नुहुँदै श्रद्धेय महायानी गुरुहरू



मङ्गल पाठ गर्नुहुँदै श्रद्धेय वज्रयानी गुरुजुहरू



मङ्गल पाठ गर्नुहुँदै श्रद्धेय वज्रयानी गुरुमांजुहरू



ज्ञानमाला भजन प्रस्तुत गर्नुहुँदै धर्मकीर्ति ज्ञानमाला भजन

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरु*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६९

नेपाल सम्बत् ११४५

इस्वी सम्बत् २०२५

बिक्रम सम्बत् २०८२

| | |
|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**9th AUG 2025**

| वर्ष- ४३ | अङ्क- ४ | गुंपुन्हि | साउन २०८२ |
|---|---|---|---|





**न तेन भिक्खू (सो) होति - यावता भिक्खते परे**
**विस्सं धम्मं समादाय - भिक्खु होति न तावता**

★ **केवल मेपिंके भिक्षा फ्वने मात्रं भिक्षु ज्वी मखु । मिथ्या धारणा ज्वना: जीवन विते यात्तले नं भिक्षु ज्वीमखु ।**

★ **अरूसंग भिक्षा माग्न जाँदैमा भिक्षु भईदैन । खराब एवं मिथ्या आचरण गरुन्जेल कोही पनि व्यक्ति भिक्षु हुँदैन ।**

★ **A man is not a Bhikkhu simply because he takes alms for his food. The observance of vows is not enough to make him a Bhikkhu.**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय- पुण्य र पाप | – | ३ |
| ३) | साधकको प्रश्न गुरुजीको उत्तर | – सत्यनारायण गोयन्का | ४ |
| ४) | धै थें मदु जीवन | – बाबुकृष्ण डंगोल | ६ |
| ५) | श्रद्धेय धम्मवती गुरुमांया गुइनिदँ बुन्हिया लसताय् देछा ... | – लोचनतारा तुलाधर | ७ |
| ६) | थम्हं यानागु थःतुंतुं | – मचाकाजी महर्जन | १२ |
| ७) | I must Study in Burma ! | – | 13 |
| ८) | धर्मप्रचार समाचार | – | १६ |


## त्रिदिवसिय महापकरण पट्ठानपालि सम्पन्न


धर्मदेशना गर्नुहुँदै श्रद्धेय सुजाता गुरुमां


पट्ठान पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू प्रीतिवती र पदुमा

*२०८२ श्रावण १५, १६, १७ गते*

*स्थान- धम्महल, निर्वाण मूर्ति, किम्डोल विहार*

श्रद्धेय धम्मवती गुरुमांको ९२ औं जन्मोत्सवको उपलक्ष्यमा एवं दिवंगत रत्नमञ्जरी गुरुमांको गुणानुस्मरण गरी निर्वाण मूर्ति किम्डोल विहारमा २३ औं पटकको पट्ठान पालि पाठ सम्पन्न गरिएको छ। श्रावण १५, १६ र १७ गते त्रिदिवसिय पट्ठान पाठ पालिको रूपमा सञ्चालित उक्त कार्यक्रममा क्रमशः श्रद्धेय विमलञाणी गुरुमां, सुजाता गुरुमां र दो. मोलिनी गुरुमां गरी जम्मा ३ जना गुरुमांहरूबाट धर्मदेशना गरिएको थियो। निर्वाणमूर्ति किम्डोल विहारबाट आयोजित उक्त कार्यक्रममा पट्ठान पाठ पश्चात् दिवंगत व्यक्तिहरूको पुण्यानुस्मतिमा दान प्रदान गरी पुण्यानुमोदन गरिएको थियो। ✿


पट्ठान पाठ श्रवण गर्नुहुँदै श्रद्धालु स्रोतावर्ग उपासक-उपासिकाहरू

## ▪ सम्पादकीय ▪

# पुण्य र पाप

अरूको र आफ्नो भलो चिताई काम गर्नु, कुरा गर्नु र योजना बनाउनु पुण्य हो । तर आफ्नो मात्र फाइदा हेरी अरूलाई हानी हुने काम गर्नु, कुरा गर्नु र योजना बनाउनु नै पाप हो । त्यसैले कुरा गर्दा समेत अरूलाई दुःख नहुने तरिकाले कुरा गर्न पर्दो रहेछ । दुषित चित्तले युक्तभई आफ्नो मात्र फाइदालाई सोचेर गरेको कार्य पुण्य हुन सक्दैन । पुण्य कार्यले भाग्यको प्राप्त हुन्छ भने पाप कर्मले दुर्भाग्यलाई निम्त्याउने गर्छ । आफ्नो तर्फबाट अरूलाई जति पनि हानी पुगिन्छ त्यसरी नै आफूलाई हानी पुग्ने फल प्राप्त हुनेछ ।

यसरी कर्मफल विषयमा बुझ्न चाहने हो भने बुद्ध कालिन घटनाहरू पमाणको रूपमा भेटिन्छन् । ती घटनाहरूलाई यहाँ उल्लेख गर्न सक्छौं ।

बुद्ध कालिन समयमा लोसक नाम गरेको अरहन्त भिक्षु हुनुहुन्थ्यो । उहाँले कहिले पनि पेट भरि खाना खान पाउनु भएन । त्यसैले सारीपुत्र भन्तेले दया राख्नु हुँदै आफ्नै हातले एक-एक गाँस गर्दै बच्चालाई खाना खुवाए जस्तै खुवाउनु भएको थियो । यसरी अरूको हातबाट खाना खुवाए मात्रै उहाँले पेटभरी खान पाउँथ्यो । आफ्नो हातले खाना खाँदा भने उक्त खाना पेट भरि खान नपाउने अवस्था सृजना हुन्थ्यो । तर यस्तो दुर्भाग्यपूर्ण अवस्थालाई भोग्नु भएका लोसक भिक्षुले भने जन्म मरण चक्रबाट नै मुक्त हुन सक्ने अर्थात् अरहन्त नै हुने भाग्य पनि प्राप्त गर्नुभएको थियो । यस्तो भाग्यमानी असल कर्मको बीऊ पनि रोपेर आउनु भएको रहेछ । कुकर्म गरेर आएको वापत आफ्नो हातले आफ्नो पेट भरि खान नै नपाउने दुर्दशा भोग्नु परेको रहेछ । त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ –

“**कम्म विसयो अचिन्तेय्यो**” अर्थात् कर्म र कर्मफल विषयमा यस्तो हुन्छ, यस्तो हुँदैन भनी कसैले पनि चिन्तन गर्न सकिंदैन ।

यसरी नै भिक्षु सीवली, भगवान् बुद्ध भन्दा पनि बढी लाभ सत्कार प्राप्त गर्न सक्षम व्यक्ति हुनुहुन्छ । त्यसैले जुन स्थानमा राम्ररी भिक्षा प्राप्त हुँदैन, उक्त स्थानमा जानु अघि भगवान् बुद्धले भिक्षु सीवलीलाई पनि साथमा लिएर जाने गर्नु भएको विषयलाई पाली साहित्यमा उल्लेख गरिएको पाइन्छ ।

यही क्रममा भिक्षु महाकाश्यप पनि लाभ, सत्कार प्राप्त भिक्षु हुनुहुन्छ । वक्कुल नामक भिक्षु पनि यसरी नै लाभ सत्कार प्राप्त भिक्षु हुनुहुन्छ । उहाँहरूले पूर्व जन्ममा गरेर आउनु भएका कुशल कार्यहरूको भाग्य रूपी फल उहाँहरूको पछि-पछि लागेर उपकार गरिरहेको हुँदो रहेछ । त्यसैले आफ्नो तर्फबाट अरूको उपकारको लागि त्याग चेतनाले गरेको सहयोगले हामीलाई भाग्यरूपी फल भएर पछ्याउँदै आउँदो रहेछ ।

भिक्षु चुल्लपन्थलाई एउटा श्लोक कण्ठ पार्न अति मुश्किल भएको थियो । ४ महिना बितिसक्दा पनि एक श्लोक कण्ठ पार्न नसक्दा आफ्नै दाजु भन्तेले लाजले उसलाई घर फर्काउन खोज्नु भएको थियो । तर उहाँलाई भगवान् बुद्धले उहाँको पूर्व जन्मको संस्कार अध्ययन गर्नुभई ठीक तरिकाले ज्ञान दिनुभएपछि उहाँ जन्म मरणबाट अलग्गको अरहन्त अवस्था नै प्राप्त गरी भाग्यमानी हुनुभयो ।

सोपाक नाम गरेको बालकलाई उसका सौतेनी बुबाले दुषितपूर्ण चित्तले उसलाई मार्नका लागि स्मशानमा फालिएको लाससँगै बाँधेर राखे पनि उक्त बालकको पूर्वजन्मको पुण्य शक्तिले साथ दिएको कारणले उसलाई अप्रिय घटना घट्न सकेन । फलस्वरूप उक्त बालकप्रति भगवान् बुद्धको करुणायुक्त दृष्टि पऱ्यो । भगवान् बुद्धले उक्त बालकलाई मसानबाट उठाएर विहारमा ल्याई भिक्षु बनाइदिनुभयो । उक्त बालकको पहिलाको जन्मको पुण्य शक्ति एवं असल संस्कारको कारणले भगवान् बुद्धबाट ज्ञान सिकी अरहन्त हुन सफल भए ।

बालक घोषकलाई पालिराखेकै व्यक्तिले उक्त बालकलाई मार्ने नियतले ७ पटकसम्म कोशिस गरेका थिए आफ्नो स्वार्थ पूरा गर्नको लागि । तर उक्त बालकले पूर्व जन्ममा गरेर आएको पुण्य शक्तिको कारणले उसलाई मार्न सकिएन । आखिरमा घोषक सेठ बन्न सफल भए ।

त्यसैले हामीले आफ्नो मन निर्दोष पार्दै असल नियतले काम र कुरा गर्ने बानी बसाल्न सक्यौं भने उक्त राम्रो कार्यको फलले हामीलाई पल-पल साथदिने गर्दोरहेछ ।

त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ– “**यादिसं वपते बीजं, तादिसं हरते फलं, कल्याणकारी कल्याणं पापकारी च पापकं**”

अर्थात्- जस्तो नियतले काम गरिन्छ, कुरा गरिन्छ, योजना बनाइन्छ, त्यस्तै फल प्राप्त हुनेछ । राम्रो नियतले राम्रो काम गर भाग्यरूपी फल प्राप्त हुनेछ । नराम्रो नियतले नराम्रो काम गरे दुर्भाग्यपूर्ण फल प्राप्त हुनेछ ।

त्यसैले भाग्य र दुर्भाग्य छान्ने कार्य आ-आफ्नै हातमा हुने रहेछ । ■



# साधकको प्रश्न गुरूजीको उत्तर

✍ सत्यनारायण गोयन्का

**प्रश्नः गुरुजी हजूरले भन्नुभएको छ कि पुरानो संस्कार जब निस्किन्छ तब सम्वेदनाको रूपमा निस्किन्छ । यस्तो किन हुन्छ ? यदि यो प्रकृतिको नियम हो भने यसलाई कसरी मान्ने, कसरी जाँच्ने ?**

उत्तर : किनकि संस्कार जब बन्दछ तब सम्वेदना भएर नै बन्दछ । जुन प्रकारको सम्बेदना भएर संस्कार बनेको हो, बाहिर निस्किँदा पनि त्यही प्रकारको सम्वेदना भएर नै निस्किन्छ । एउटा उदाहरणले बुझौं - यदि हातमा काँडाले घोचेको छ, काँडाले घोच्दा दुख्छ । त्यस्तै त्यो काँडा निकाल्दा सियोले घोचेर काँडा निकालिन्छ, तब पनि त्यस्तै दुख्छ । काँडाले घोच्दा जस्तो दुःखेको थियो निकाल्दा पनि त्यस्तै दुख्छ । त्यस्तै संस्कार बनाउँदा जस्तो सम्वेदना हुन्छ, निस्कँदा पनि त्यस्तै प्रकारको सम्वेदना हुन्छ यो प्रकृतिको नियम हो ।

**प्रश्न : गुरुजी हजुरको प्रवचनमा कर्मफल सम्वेदना भएर आउँछ भनेर भन्नु भएको छ । यो कुरा बुझ्जेन । किनकि सम्वेदना त शरीरको स्वभाव हो जुन धेरै वटा कारणले हुन सक्छ । त्यसो हो भने सम्वेदनालाई पहिलाको कर्मको फल भनेर किन मान्ने ? के यो मान्ने कुरा हो ?**

उत्तर : जरुरी छैन । सबै सम्वेदना कर्म-संस्कारको कारणले हुँदैन । भगवान बुद्धले भन्नु भएको छ– सम्वेदनाको उत्पत्ति धेरै कारणले हुने गर्दछ, ती मध्ये एउटा कारण कर्म-संस्कार हो । तर जब तिमी ध्यान गर्छौ तब धेरै जसो सम्वेदना कर्म संस्कारको सम्वेदनाको रूपमा प्रकट हुन्छन् । सम्वेदना के भोजन गरेको हो त्यसको कारणले अथवा कुनै बिमारीको कारणले हुन्छ अथवा हिँड्दै थियो कतै ठोकेर पनि दुख्छ – यसमा पुरानो संस्कारको के मतलब भयो र ? यी सबै त नयाँ संस्कार हुन् । हामी बेहोशीले हिँड्छौं र ठोकिन्छ । हामीले मेल नखाने खाना खान्छौं र पेट दुख्छ, यी नयाँ कर्म भयो । त्यसैले सबै सम्वेदना हाम्रो पुरानो संस्कारको कारणले नै हुन्छ भनेर मान्नु हुँदैन । हामीले यो सिक्नु छ कि कुनै कारणले सम्वेदना आएको होस्, कारण जे सुकै होस्, कुनै प्रकारको सम्वेदना महसूस भईरहेको होस्, हामी त समतामा बस्ने हो, कुनै नयाँ संस्कार बनाउने हो । नयाँ बनाएन भने पुरानो संस्कारको सम्वर्धन हुन पाउँदैन, अन्यथा सम्वर्धन हुन थाल्छ । सम्वेदना यो कारणले भएको होस् अथवा त्यो कारणले यदि तिमी समतामा स्थित छौ भने कुनै प्रतिक्रिया गरिरहेका छैनौ भने अरू नयाँ संस्कार बनाईरहेका छैनौ । साधना गर्नुको उद्देश्य पूर्ति भईरहेको छ, प्रगति भईरहको छ ।

प्रश्न : निरन्तर आईरहने विचारहरूलाई कसरी शान्त पार्न सकिन्छ ? मनलाई विचार-विमुक्त कसरी गर्न सकिन्छ ?

उत्तर : जुन समय मनमा अधिक कुराहरू आउँछन् हामी सम्वेदना हेर्न सक्ने अवस्थामा हुँदैन तब आनापान अलि धेरै समयसम्म गर्नु । आनापान गर्दा पनि स्वासलाई अलि लामो-लामो तान्नु । यस्तो गर्दै-गर्दै मन केही बेर शान्त भएपछि स्वास सँग-सँगै सम्वेदना हेर्न थाल । स्वास पनि थाहापाई रहनु सम्वेदना पनि थाहापाई रहनु, स्वास पनि थाहापाई रहनु सम्वेदना पनि थाहापाई रहनु । तब मन भाग्ने काम अलि कम हुन थाल्छ । आफै कम हुन थाल्छ ।

प्रश्न : मन कुनै विचार बिना रहन सक्दैन । के विचार विहीन रहनको लागि नै मनलाई स्वास तथा सम्वेदना हेर्न लगाईएको हो ?

उत्तर : मन विचार विहीन होऊन्, चिन्तन रहित होउन् यो त धेरै राम्रो कुरा भयो । तर मनमा कुराहरू पनि चलिरहन्छ सम्वेदना पनि हेरिरहेको हुन्छ । यी कुराहरूको पछि लाग्नु चाहिं भएन, के कुरा खेलिरहेछ, के विचार आईरहेछ, यसको पछि लाग्न थाल्यो भने त

स्वास पनि बिर्सिनेछ, सम्वेदना पनि बिर्सिनेछ।

स्वास र सम्वेदना थाहापाउनु प्रमुख काम हो तर यस क्षणमा मनमा कुरा चलिरहेको सत्यलाई स्वीकार गर्नु पनि पर्छ। स्वीकार गर्नु कि मनमा कुराको कोलाहल चलिरहेछ। मनमा कुरा खेलिरहेछ भनेर ब्याकुल हुनु हुँदैन र कुराको पछि लाग्नु हुँदैन। यस्तो गर्दा हानि हुने छैन। कर्म संस्कार त ती विचारहरूको कारणले पनि बन्दछ तर हल्का पानीमा तानेको धर्को झैं हुन्छ। तर सम्वेदना भुल्न थाल्यो भने त्यही पानीमा तानेको धर्को बालुवामा तानेको जस्तै हुँदै जान्छ र पछि चट्टानमा कुँडेको जस्तै हुँदै जान्छ।

**प्रश्न : म केही समयदेखि आनापानको मात्रै अभ्यास गर्दछु। जबसम्म आनापानमा पूर्ण एकाग्रता हुँदैन तबसम्म विपश्यना गर्नु वेकार हुन्छ। के यो सही हो ?**

उत्तर : पूर्ण रूपमा एकाग्रता नआए पनि सम्वेदना महसूस गर्दै, थाहापाउँदै एकाग्रता हुन सकेको छ नि। स्वास पनि थाहा पाउँछौ, सम्वेदना पनि थाहापाउँछौ। यसरी एकाग्रता आउँदै गर्छ। मन एकदम एकाग्र भएपछि मात्र विपश्यना गर्छु भन्यौ भने धेरै समय लाग्नेछ। त्यसैले विपश्यनालाई छोड्नु हुँदैन। सम्वेदना थाहा भएन भने आनापान गर्न सकिन्छ। तब त विपश्यना गर्न सकिँदैन।

**प्रश्न : आनापानको अभ्यास गर्दै रहँदा कसरी थाहा पाउने कि आफ्नो समाधि बढेको छ, अब विपश्यना गर्दा भयो ?**

उत्तर : मनमा कुरा खेल्ने कम हुन थाल्यो भने यो माथिल्लो ओठको माथि नाकको प्वाल मुन्तिर सम्वेदना थाहा हुन थाल्छ। यदि यहाँ सम्वेदना थाहा भएको छैन भने रोक्नु। जब यहाँ सम्वेदना थाहा हुन्छ तब सारा शरीमा विपश्यना शुरू गर्न सक्छौ, चिन्ता गर्नु छैन।

**प्रश्न : सम्बेदना त थाहा हुन्छ, तर त्यसको उदय–ब्यय थाहा हुँदैन, के गर्नु ?**

उत्तर : सम्वेदना भनेको नै भित्रै भित्र केही बदलिरहेको हुन्छ। भित्रै भित्र चलिरहेको हुन्छ त्यही सम्वेदना हो। केही चलिरहेको भन्नाले भित्रै भित्रै केही बदलिरहेको छ। अब स्पष्ट रूपले यो उदय भईरहेको छ – ब्यय भईरहेको छ, उदय भएको छ ब्यय भएको छ, यस्तो थाहापाउन केही समय लाग्नेछ। केही हतार छैन। केही भईरहेको छ, यो थाहा पायौ। यही पर्याप्त छ। भित्र केही बदलिरहेको कारणले नै केही महसूस भईरहेको हो। भित्र केही हलन-चलन छैन यो स्थायी छ भन्ने होईन।

प्रश्न : हजूर आफूपछि यो साधना कसरी बढाउनु हुन्छ ?

उत्तर : साधना स्वतः आफैं अघि बढ्छ, हामी को हो र यसलाई अघि बढाउने ? अहिलेसम्म कसरी बढिरेछ ? बढ्छ त्यसैगरी। यो शुद्ध रूपमा कायम रह्यो भने अगाडि बढ्दै जान्छ। अब कसैले आफ्नो मनमानी गरेर यसमा केही जोड्ने-घटाउने गर्न थाल्यो भने यो नष्ट हुन थाल्छ। भारतमा यसरी नै यो बिद्या नष्ट भयो। अब यसलाई बचाउनु पर्छ। अहिले यति धेरै मान्छेहरू साधना गर्न आईरहेकाछन्, सही हो। ती मध्ये केही साधना सिकेर आफ्नोतर्फबाट केही थप्छन् र आफैले सिकाउन थाल्नेछन्, यो तिनीहरू नै जानुन्। मलाई उनीहरूसँग झगडा गर्नुछैन। तर एउटा परम्परा त यस्तो अवश्य हुनुपर्छ जसले शुद्ध रूपमा आफ्नो काम गर्दै रहनु। अब अरू बाँकी बिग्रनु ती सबैको चिन्ता गरेर साध्य छैन। मान्छेहरू आफै जाँच्नेछन् कि कुरा चाहिं सही हो, कुन चाहिं गलत हो। तर एउटा मार्ग पनि सही भएन भने शुद्ध परम्परा रहेन भने नष्ट अवश्य हुनेछ।

त्यसैले मानिसहरूले यो होस् गर्नुपर्छ – सिक्नेले पनि सिकाउनेले पनि कि यसमा केही जोड्ने र घटाउने गर्नु हुँदैन। परम्पराले जसरी चल्दै आएको हो त्यसलाई ठीक त्यसै प्रकारले काम गर्दै रहे मंगल नै हुनेछ कल्याण नै हुनेछ।

**प्रश्न : कहिले काँही आनापान गर्दा र विपश्यना गर्दा पनि मनमा कुराहरू आईरहन्छ र साधना पनि साथमा भईरहन्छ।**

उत्तर : यदि साथमा सम्वेदना थाहा हुन्छ र विचार पनि आईरहेको छ भने विचारको पछि चाहिँ नलाग्नु, विचार पनि आईरहेकोछ, मनमा कुरा खेलिराखेकोछ यसलाई स्वीकार गर्नु र सम्वेदनालाई थाहापाई रहनु। यसबाट संस्कार बन्छ भने पनि पानीमा धर्को तानेको जस्तो हल्का हुन्छ, चट्टानमा कुँडेको जस्तो हुँदैन।

प्रश्न : जीवन र वस्तुहरूको अनित्य स्वभावले असुरक्षा र डरको भावना जाग्छ।

उत्तर : डराउनु पर्दैन अनित्य बोधले हामीलाई संसारबाट टाढा भाग्न दिँदैन। त्यसको सामना गर्दै कसरी जिउने र कसरी सुखपूर्वक रहने भन्ने सिकाउँछ।

प्रश्न : कसैको प्रति क्रोध, वैमनस्य, ईर्ष्या आदि विपश्यना गरेर पनि समाप्त भएन भने के गर्ने ?

उत्तर : विपश्यना राम्रो ढंगले गर्नु । विपश्यना गरेर पनि विकार कम भएन भने कतै न कतै गल्ती भएको हुनुपर्छ । सम्वेदनालाई थाहापाउनु अनि समतामा रहनु, बस यही नै विपश्यना हो । आफ्नो मनमा वैमनस्य, क्रोध, द्वेष जाग्यो भने स्वीकार गर्नु– यो समय मेरो मनमा क्रोध, वैमनस्य, द्वेष आईरहेको छ र यस समय सम्वेदना कस्तो आईरहेको छ । जुन सम्वेदना आईरहेको छ यो त्यस विकारसँग सम्बन्धित छ । प्रत्येक सम्वेदना अनित्य छ, यो विकार पनि अनित्य छ । सम्वेदना पनि अनित्य छ र विकार पनि अनित्य छ । यसरी बुझ्दै बुझ्दै विकार दुर्बल हुँदै जानेछ ।

**प्रश्न : मंगल मैत्री दिंदा ध्यान कता दिने ? सम्वेदनामा दिने कि स्वासमा दिने ?**

उत्तर : यो फरक हुन सक्छ । भित्रबाट सारा शरीर खुलेको छ, भंग अवस्था आएको छ भने हृदय वत्थुमा ध्यान गरेर मैत्री दिन सक्छ । यदि यस्तो अवस्था छैन कतै सुखद सम्वेदना महसूस हुन्छ, दुखद सम्वेदना छैन भने सुखद सम्वेदना हेरेर मैत्री दिन सकिन्छ कि तिम्रो भलो होस्, सुखी होस् । यदि दुःखद् सम्वेदना भईकन पनि मैत्री दियो भने त्यो बलशाली हुँदैन । आफू भित्र दुःखद् सम्वेदना नभएको समयमा मंगल मैत्रीको कामना गर्नुपर्दछ । हृदय क्षेत्रको सम्वेदना हेर्‍यो भने सबै भन्दा राम्रो, यदि यस्तो भएन भने जहाँ सुक्ष्म सुखद् सम्वेदना छ, त्यहाँ हेरेर मंगल मैत्री दिने । ■

*(साभार- 'विपश्यना' पत्रिका, बुद्ध वर्षः २५६८, २०८१ कार्तिक, वर्ष ४१, अङ्क ७)*

# धै थें मदु जीवन



✍ **बाबुकृष्ण डंगोल**
खोना

यो धयाँ नं सुख दुगु मखु
मयो धयाँ नं दुःख फूगु मखु
कर्मया फलं वैगु थ्व जीवन
द्यो पूजा यानाः तरे जुईगु मखु
स्वाँ थ्यूयुसा ला नस्वा उली हे
कं थियाँ ला घाः जुल रे
स्वर्गया मिला जः खुशी खनी थें
कर्मया किचः वै मनु जुनी रे
जिगु धयाँ छुं दुगु मखु
त्वते धयाँ लोभ त्वते मफु
मिखा कनाः भ्ह्री खने हे मफुपिं
नुग तिना भ्हन ज्ञान लूगु मखु
आशा ल्यू ल्यू वै निरासा अनेक
मृत्यु वै जीवन ल्यू थ्व ह्यूगु मखु
प्राणी जगत न्ह्याना च्वंगु खुसीबाः
त्यानु धकाः पलख दयूगु मखु

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | बि.सं. २०८२ असार/श्रावण | बुद्धपूजा गर्नुहुने प्रव्रजित गुरुमांहरू | धर्मदेशना गर्नुहुने श्रद्धेय गुरुमांहरू |
|---|---|---|---|
| १ | असार १९ गते, बिहिबार अष्टमी | सुवण्णवती | सुवण्णवती |
| २ | असार २६ गते, बिहिबार, गुरुपूर्णिमा | जवनवती | भिक्षु कौण्डञ्ञ |
| ३ | श्रावण १ गते, बिहिबार, सप्तमी, संक्रान्ति | जवनवती | जवनवती |
| ४ | श्रावण २ गते, शुक्रबार, अष्टमी | दानवती | दानवती |
| ५ | श्रावण ८ गते, बिहिबार | अमता | अमता |

**धर्मकीर्ति पत्रिका विशेष सदस्यहरू**

क्र.सं. ९७६

**कृष्ण देवी मानन्धर**

ठँबही, सातघुम्ती, काठमाडौं

रु. ३,०००/–

# श्रद्धेय धम्मवती गुरुमांया गुइनिदँ बुन्हिया लसताय् देछा:
# धम्मवती गुरुमांया मदीगु पलाः



✍ लोचन तारा तुलाधर



म्यानमार सरकारपाखें 'महासद्धम्म जोतिकधज' उपाधि ग्रहण

सासनधज धम्माचरिय, अग्गमहागन्थवाचक, पण्डित महासद्धम्म जोतिकधज, भाषाथुवाः, डा. श्रद्धेय धम्मवती गुरुमांया गुइनिदँ बुदिंया लसताय् २०८२ असार २१ शनिवार निसें २०८२ असार २८ शनिवार तक दँय् दँसं थें धर्मकीर्ति विहारय् साप्ताहिक अभिधर्म पालि पाठ क्वचाल । वि.सं. २०५२ सालया बुदिंनिसें न्ह्यानाच्वंगु थ्व ज्याभ्वः आःतक नं जुयाच्वंगु दनि । न्हेनुतक भिक्षु संघपाखें अभिधर्मया न्हेगू प्रकरण पाठ, अन्तिमगु दिंकुन्हु लामा गुरुपिं व बज्रयानी गुरूजु गुरूमांजुपिनिपाखें पाठ जुयाच्वंगु दु ।

गुरूमामं याना च्वनाबिज्यागु अल्याख ज्याखँयात लुमंका यंके बलय् थुपिं सम्पूर्ण घटना **यःम्ह म्ह्याय्** उपन्यासय् स्वाकायंके माःगु खने दु । सिनेमाया दृष्य रिप्ले याये थें उपन्यासया पाना छकः पुइका स्वये गबले धम्मवती गुरूमां गणेशकुमारी तिनि । गणेशकुमारी प्रवजित मजूनिबलय् कुशीनगरय् तिनि बलय्या घटना थ्व "...**स्व शिष्य मचात, बर्मा वनाः शीलवती जु । नाना ग्रन्थ, नाना साहित्य क्वचायेक सयेकि । लिपा छिमि नेपाः देशय् थेरवाद बुद्धधर्म उज्ज्वल व प्रकाश जुइक मिजंतसें थें मिसातसें नं ल्हातिं न्ह्याय् दुथाय् च्वनाः परियत्ति, पटिपत्ति शासन प्रचार या खंला ? भविष्ये मिजं थजु मिसा थजु वंश,धर्म व शासनया भार फुकं छिपिं थेंजाःपिं मस्तय्गु बोहलय् दु सो । स्मृति ति न्हां ला ।**..." चन्द्रमणि महास्थविरं म्ह्याय्मचा जुयाच्वंपिं गणेशकुमारीपिन्त उपदेश व शिक्षा बिया बिज्यात । गणेश कुमारीपिं लय्लय्तायाः नेपाः देशय् थेरवाद बुद्ध शासन हाकनं उन्नति व विकसित यायेत प्राण तकं उत्सर्ग यानाः कोशिस याये माःसां याये धयागु सत्य कराल याना वन्दना याये धुंकाः दना वन । (महास्थविर र वे थ्वंपाखें रचित, भिक्षु ञाणपुण्णिकपाखें अनुदित **यःम्ह म्ह्याय्,** पेज ४६, ने.सं. ११३३, नेवाः जागरण मञ्च, ध्वाकाबहाः, यैं)

तमी छेत् (यःम्ह म्ह्याय्) उपन्यासया च्वमि थौं दुगु जूसा ...., गणेशकुमारीयात प्रव्रजित याःम्ह चन्द्रमणि महास्थविर दनिगु जूसा ... । यूनेस्को सिरपाः प्राप्तम्ह विद्वान साहित्यकार बर्मी भिक्षु र वे थ्वं, गुम्हसिनं नेपाःया म्ह्याय्मचाया विषय बर्मी भासां उत्कृष्ट उपन्यास **तमी छेत्** च्वल थौं उम्ह म्ह्याय्मचां गुइनिदँया उमेर तक नेपाःया बुद्ध शासन थुलं तयेत यानाच्वंगु ज्या खनाः गुलि लय्ताइगु खइ !

गुइनिदँया उमेरय् नं जोश जाँगर, वाक्सिद्धि भचाहे पाः मजूम्ह धम्मवती गुरूमां गुइदँ क्यंसां निसेया घटना जक थुगु च्वसुइ प्रस्तुत याये ... ...

**गुइँदँ बुदिं हनेत तयारि ... ...**

वि.सं. २०८० थ्यनकि धम्मवती गुरूमां गुइदँ क्यनीगु जुल । धर्मकीर्ति विहार जक मखु नेपाःया बौद्ध जगतया उपासक उपासिकापिनि दथुइ छगू उत्साह ब्वलन । नेपाःया थेरवाद बुद्धधर्म थौं थुलि थ्यंकेत ज्वःमदुगु योगदान याना बिज्याःम्ह, मिसापिन्त शिक्षित यायेगुलि बेजोड सामाजिक रूपान्तरण याना बिज्याम्ह वस्पोल थेंजाम्ह नारिरत्नया गुइदँ बुदिं राष्ट्रिय स्तरं हे यायेमाः, विहार दुने जक यानां मगाः ... ... । असि साल मवःनि बलय् हे थी थी बौद्ध व मेमेगु संस्थाया व्यक्तित्वपिनि दथुइ तःक्वः सहलह न्ह्यात । अन्तय् ८१गू संस्था जानाः **श्रद्धेय धम्मवती गुरुमां विशेष सामूहिक धम्मपूजा आयोजक समितिपाखें** २०८० बैसाख १ गते शुक्रवार राष्ट्रिय सभागृहया हलय् तःजिक धम्मपूजा जुल । थुकथं तत्कालीन उप प्रधान तथा गृह मन्त्री नारायणकाजी श्रेष्ठया मू पाहाँसुइ धम्मवती गुरूमांया गुइदँ बुदिं व प्रव्रजित जीवन न्ह्यन्यादँ(७५) क्यंगुया विशेष समारोह मनूत च्वनेथाय् मदय्क हल जाय्क तःजिक क्वचाल । थ्व हे इवलय् नेपाया प्रव्रजित गुरूमांपिनिगु सशक्तिकरणया निम्ति थीथी प्रशिक्षण, अध्यापन याकेगु तातुनाः **धम्मवती धम्म प्रशिक्षण परियोजना**या घोषणा जुल । थुगु परियोजनाकथं २०८०, मंसिर १४ गते **धम्मवती धम्म प्रशिक्षणया** शुभारम्भ धमकीर्ति विहारया धम्म हलय् जुल । अनगारिका संघया अध्यक्ष धम्मवती गुरूमांया सभापतित्वय् न्ह्याःगु उगु ज्याझ्वलय् संघया सचिव ञाणवती गुरूमामं कार्यक्रमबारे जानकारी बियाबिज्यासे थ्व दिनय् विमलञाणि गुरूमांपाखें विनयपिटक महावग्ग विषय कक्षा शुभारम्भ याना बिज्यात । आः थुगु प्रशिक्षण अन्तर्गत थी थी तालिम ज्याझ्वः निरन्तरं न्ह्यानाच्वंगु दु । थुकथं सकल प्रव्रजित गुरूमांपिनि हामा जुयाः धम्मवती गुरूमामंथःगु दायित्व पूवंका च्वना बिज्याना च्वन ।

**कक्षा, परिक्षा व पुरस्कार :**

धर्मकीर्ति विहारय् मदिक्क थीथी कक्षा संचालन जुयां च्वनी । उकी मध्ये नेपाल बौद्ध परियत्ति शिक्षाया कक्षा ला बिस्कं हे जुल । हाकनं धम्मवती गुरूमामं थःम्हं हे ब्वंकाः जाँच कयाः सिरपाः बीगु कक्षा विशेषता हे मेगु दनि । खय्त ला थजाःगु कक्षा २०२२ य् धर्मकीर्ति विहार स्थापना कालंनिसें हे शुरू जुयाच्वंगु खः । उगु इलय् धम्मवती गुरूमां सहित मांगुण गुरूमां, चमेली गुरूमां, कमला गुरूमांपिसं ब्वंका बिज्याइ । ब्वनेत बुद्धधर्मया सफू मदुगु व इलय् गुरूमांपिसं भ्याः भचा अल्सि मचासे बुद्धधर्मया प्रारम्भिक ज्ञान कापिइ च्वयाः ब्वंकाः जाँच कयाः सिरपाः बीगु चलन न्ह्याकाच्वंगु खः । आःतक नं थ्व परम्परा न्ह्यानाच्वन तिनि । थौं ई गन थ्यन ? गुरूमांया उमेर गन थ्यन ?गुरूमांया उसाँय छु अवस्थाय् दु ... ...? अथे नं गुरूमांया ब्वंकेगु उत्साह म्हो मजू । थःम्हं ब्वंके नं मानि, जाँच नं काये हे मानि सिरपाः नं बी हे मानि । अजू चायापु वस्पोलया स्मरण शक्ति, वाक शक्ति, व्यवस्थापन गुण ! शायद नेपामिपिन्त शुद्ध बुद्धधर्म लःल्हाना थके मानि धयागु वस्पोलया दृढ संकल्पया कारणं थ्व सम्भव जुयाच्वंगु ला ? आः लुमंके थ्व स्वदँया दुने छु छु जाँच जुल । गुइदँ बुदिं (२०८०)या विषयवस्तु बुद्धवंश (२८म्ह तथागत पिनिगु जीवन गाथा), गुइछदँ बुदिं (२०८१) या विषयवस्तु गृही विनय, गुइनिदँ बुदिं (२०८२)या विषयवस्तु पच्चयनिद्देसपालि (पट्ठान) । वस्पोलं दच्छि न्ह्यवंनिसें पुन्हीपतिकं ब्वंकाःलि जेठ महिनां जाँच कया रिजल्ट न्यंकाः बुदिं हनेगु झ्वलय् सिरपाः बीगु याना बिज्याइ ।

**भिक्षुणी प्रजापति गौतमी दिवस हना :**

नेपालय् बुद्ध शासन थुलं तयेत मिसा जूगुया हे कारणं गुरूमांयात आपालं हाथ्या वल, पंगःत गुलि चीके माल, गुलि चीके माल । विश्वय् थ्वयाच्वंगु लैंगिक समानताया सः थ्वयावं च्वन व्यवहारय् विभेद धाःसा जुयावं च्वनतिनि । अथे नं पारमिता गुण धर्म पुरय् जूम्ह गुरूमामं व फुकं पार यायां न्ह्यज्याना च्वना बिज्यात । "भगवान् बुद्धया इलय् ला हाथ्या दु धासेंलि आः छाय् मदै ।" थथे धकाः गुरूमामं धया बिज्याना च्वनी । भिक्षुणी प्रजापति गौतमीं लुखा दुवाः चायेका ब्यूगुलिं झी गृहत्याग यानाः प्रव्रजित जुइ खन । झीसं वस्पोलया गुण लुमंके माः धकाः छुं दँ न्ह्यः भिक्षुणी गौतमीया मूर्ति दयेकेबीगु अभियान शुरू जुल । आःतक दुने गुरूमांपिं च्वनीगु तःगू विहारय् भिक्षुणी गौतमीया मूर्ति स्थापना जुइ धुंकल । भिक्षुणी गौतमी चय्दँया उमेरय् यैँयाः पुन्हीया दिनय् प्रव्रजित जूगु पवित्र दिन लुमंकाः वि.सं. २०८० या यैँयाः पुन्हीकुन्हु गुइम्ह (९०) गुरूमांपिनिगु सहभागिताय् धर्मकीर्ति विहारय् भिक्षुणी प्रजापति दिवस हनेगु शुरूवाट जुल । लुमंके बहः जू अन्तर्राष्ट्रिय ख्यलय् यूनाइटेड भिक्खुनी संघ, बोधगया, भारतया आयोजनाय भिक्षुणी प्रजापतिया लुमन्तिइ सन् २०११ सेप्टेम्बर १७ यैँयाः पुन्हीकुन्हुनिसें दय्दँसं **इन्टरनाय्सनल भिक्खुनी डे** हना वया च्वंगु दु ।

**थी थी हना ज्या :**

खयत् ला गुरूमांयात गुलि संस्थां हनेधुंकल, गुलि हनापौ लःल्हाये धुंकल धयागु खँया ल्याःचाः मदु । बिस्कं पहःया ज्याझ्वः जक थन न्ह्यथने । समानान्तर बौद्ध आध्यामिक पत्रिका सम्यक संदेशया सम्पादक दीपक भेटुवालया परिकल्पनाय् सम्यक सन्देशपाखें **धम्मवती वीरता महोत्सव २०८१** नेपाल प्रज्ञाप्रतिष्ठानया पारिजात सभा कक्षय् मानय् यात । गुरूमांया गुइछदँ बुदिँ व प्रव्रज्या न्ह्यखुदँ क्यंगु लसताय् न्ह्याःगु थुगु ज्याझ्वलय् प्रज्ञाप्रतिष्ठानया कुलपति भूपाल राईनं धम्मवती गुरूमांयात सम्मान-पत्र लःल्हात । सम्यक सन्देशया प्रमुख संयोजनय् केदारनाथ लीला देवी पुस्तकालय, गुञ्जन, युवानेत्र सेवा, नारी स्वर, मनमती साहित्य समाज, भैरव पुरस्कार गुठी, नेपाल मुस्लिम महिला कल्याण समाज, व सलोन फाउण्डेसनपाखें सह आयोजना जूगु खः । थ्वकुन्हु नेपालया थेरवाद बुद्धशासनय् धम्मवती गुरूमांया योगदान कःघानाः **श्रद्धेय धम्मवती गुरुमां विशेष सम्यक सन्देश** पत्रिका नं पिदन । थन थीथी ख्यलय् विशिष्ट योगदान यानादीपिन्त गुरूमांया नामं **धम्मवती गौरव पदक २०८१** लःल्हागु खः । नियमित बौद्ध उपासक,उपासिका बाहेक मेमेगु ख्यःया बौद्धिक व्यक्तित्वपिसं जाःगु हल थ्व दिनया आकर्षण खः ।

अन्तराष्ट्रिय नारी दिवस २०२४ या लसताय् अन्तर्राराष्ट्रिय महिला ध्यान केन्द्र टाइवानपाखें धम्मवती गुरूमांयात उत्कृष्ट बौद्ध महिला सम्मान ब्यूगु खः । सम्मान ग्रहण यायेत गुरूमां टाइवान बिज्याये मफुगुलिं, थाइलैण्डया भिक्षुणी रत्नावली नेपाः बिज्यानाः धर्मकीर्तिया धम्महलय् सम्मान लःल्हाना बिज्यागु खः ।

थ्व हे दिनय् ११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसया लसताय् मोति देवी स्मृति केन्द्रया अध्यक्ष अष्ट लक्ष्मी शाक्य धर्मकीर्तिइ झायाः गुरूमांयात **मोती लक्ष्मी स्मृति सम्मानपत्र** लःल्हात । नापं **१०० जना उत्कृष्ट नारीहरूको जीवनी** सफू नं लःल्हात गुकी गुरूमाया जीवनी नं दुथ्या । थ्व निगू ज्याझ्व २०८० फागुन २० पुन्हि बलय् सम्पन्न जूगु खः ।

**बिस्कंगु ज्याझ्व :**

नारायणहितिया श्री चर्तुब्यूह नारायण मन्दिरया परिसर गुकियात झी नेवाः पिसं चन्द्रलखु पीठ धाइ गन कि दीपंखा यात्रा बलय् वनेमाःगु थाय् खः, उगु थासय् वडा नं. १ निवासि प्रमिला मानन्धरया श्रद्धाचित्तं वय्कःया जहान दिवंगत शिवदास मानन्धरया नामं शाक्यमुनि बुद्धया प्रस्तर मूर्तिस्थापना यानादीगु खः । २०८०, फागुनं १५य् पूर्व उपप्रधान मन्त्री मा. कृष्ण प्रसाद सिटौला व प्रा.डा. नरेशमान बज्राचार्यपाखें अनावरण नं जुइ धुंकल । थ्व बुद्धमूर्ति परिसरय् दाताया बुद्ध पूजा यायेगु मनं तुंगु जुयाच्वन । अलय् वय्कः दाता म्यजुं धम्मवती गुरूमांयाथाय् सल्लायाये धुनेव गुरूमांया नेतृत्वय् बुद्ध पूजा जुइगु जुल । गुरूमामं धायेव मनूपिन्त छु मानि । ज्याझ्वःया खाका तयार जुल । नारायणहितिइ दुहाँ वने मलंनिपिं मनूपिनिगु पुचलं अन जाल । भिक्षु कोण्डञ्ञ महास्थविर, प्रा.डा. नरेशमान बज्राचार्य, नारायण पण्डितजी व धम्मवती गुरूमां छगू हे झोलय् उपस्थितिं अनया लकस मेगु कथं हे सौहार्दपूर्ण खने दत । धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनं कार्यक्रम झः झः धायेके धुनेव बुद्धपूजा जुल । थ्व धुनेव कोण्डञ्ञ महास्थविरं उगु थाय्या ऐतिहासिकता, व झीगु देशय् विद्यमान धार्मिक सहिष्णुताया खँ न्ह्यथना बिज्यात । प्रा. डा. नरेशमान बज्राचार्य उगु थाय् दीपंखा यात्राबलय् वने मागु ऐतिहासिक थाय्या खँ कना विज्यात । नारायण मन्दिरया पुरोहित नारायण गुरूजीं नं धर्म व धार्मिक सहिष्णुताया खँ कना दिल । गुरूमामं धर्मया क्षेत्रय् छिपिं जिपिं धकाः धया मच्वंसे झी पक्षपातविहीन मैत्रीपूर्णभावनां न्ह्यज्याये माःगु खँ कुला विज्यात । थुकथं गबलें मजूकथंया ज्याझ्वः २०८१ बैसाख ८ शनिबार कुन्हु नारायण मन्दिर परिसरय् जुल ।

**मानार्थ विद्यावारिधि :**

नेपाल सरकारपाखें निर्णय जुइमाःगु मानार्थ विद्यावारिधि उपाधि श्रद्धेय धम्मवती गुरूमांयात लुम्बिनी बौद्ध विश्वविद्यालयपाखें प्रदान जुल । प्रधानमन्त्री एवं विश्वविद्यालयया कुलपति के.पी शर्मा ओलीपाखें प्रदान यात ।

धम्मवती गुरूमांया ज्ञान, गुण, शीप, बौद्धिकताया खँ झीथें जाःपिसं थाःगाः काये मफु, अन्दाज याये मफु । क्यान्सर ल्वय्यात त्याकाः गुइदँया उमेरय् न्ह्यानाच्वंम्ह गुरूमामं धर्म विनय, अभिधर्मया खँ आः नं त्वमफीक कना बिज्याये फु । नेपालय् बुद्ध शासन थुलं तयेत गुलि संघर्ष यात । मिसात शिक्षित यायेत थौं तक अनवरत रूपं कुतः जुया हे च्वन । थौं लिपा हे लाःसां तवि लुम्बिनी बौद्ध विश्वविद्यालयया मिखा गुरूमांया बौद्धिकतापाखे



*नेपाल सरकारपाखें विद्यावारिधि उपाधि श्रद्धेय धम्मवती गुरूमांयात लुम्बिनी बौद्ध विश्वविद्यालयपाखें प्रदान*

लात । लुम्बिनीइ जुइगु स्वक्वःगु दीक्षान्त समारोहस गुरूमां बिज्याये माःगु जुल । स्वास्थ्यया कारणं लुम्बिनीइ वस्पोल बिज्याये फइला मफइला धयागु खँ जुल । उमेर कथं वस्पोलयात अप्वः धपेडि याके मज्यू । फु मफुया तहाकः गन्थन जुजुं लिपा थःम्हं आँट यासेंलि बिज्याकेगु हे जुल ।

लुम्बिनीइ विश्वविद्यालयया प्राङ्गणय् जूगु दीक्षान्त समारोहय् श्रद्धेय गुरूमामं थथे मानार्थ विद्यावारिधि उपाधी ब्यूगुलिइ साधुवाद बियाबिज्यासे बुद्ध शिक्षाकथं मनूया मति भिंसा जक थःगु गति भिनी धयागु खँ कुला विज्यात । २०८१ या मंसिर १४ गते निसें श्रद्धेय धम्मवती गुरूमां श्रद्धेय डा. धम्मवती गुरूमां जुल ।

ज्याइवः क्वचाये धुनेव गुरूमांया स्वास्थ्यय् भचा समस्या खने दत । यैंय् थ्यंसेंलि आरूस अस्पतालय् च्यानु तया हये माल । चिकुलाया याम जूगुलिं थाकुल । गुरूमां म्हं मफुगुलिं सकल आवासिय गुरूमांपिं, उपासक, उपासिकापिनि चिन्ता जुल । मनू नापलाइपिं वयाच्वनीगु नाप लाके मज्यूगु, खँ यक्को ल्हाये मज्यूगु कारण यानाः भचा समस्या ब्वलन । गुरूमांया स्वास्थ्ययात ध्यानय् तया बागमती प्रदेशया स्वास्थ्य मन्त्री किरण थापा मगर व प्रथम महिला राधिका शाक्य विहारय् भ्रायाः आइ सि यू बेड व मनिटर प्रदान याना दिल । विशेषं धर्मकीर्ति विहारया आवासीय गुरूमांपिनिगु उचित सुसाः कुसालं गुरूमां हाकनं धस्वात । पुन्हीया बुद्धपूजाय् धर्मउपदेश बीत कुने धम्म हलय् कुहाँ बिज्याये फत ।

**म्यानमार सरकारपाखें हाकनं मेगु पदवी**

धम्मवती गुरूमां व म्यानमारया स्वापू तस्कं पुलां अले तसकं क्वातु । म्यानमारया मोलमिनय् प्रसिद्धगु खेमाराम नन्स स्टडिज सेन्टरय् अध्ययन यानाच्वंगु इलय् मानि पो नामं नां जाःम्ह गुरूमामं २०१९ भाद्र २ या दिनस **सासनधज धम्माचरिय उपाधि** हासिल याना बिज्यागु खः । थ्व उपाधिया अर्थ खः बुद्ध शासनया भ्रण्डा ब्वयेके फुम्ह । अनं वि.सं २०२० य् नेपाः लिहाँ बिज्यासांनिसें थौंतक निरन्तररूपं शुद्ध बुद्धधर्म प्रचारय् थःत पाना बिज्यात । उगु इलय् गुरूमामं नेपालय् बुद्ध शासन थकायेत फिसलय् स्वां ह्वयेकेगु ति मेहनत याना बिज्यात खइ । वि.सं २०२२ बैसाख २६ गते धर्मकीर्ति विहार नामं विहार उद्घाटन जुल । थबलेनिसें गुरूमामं

थः सहयोगी गुरूमांपिं व उपासक, उपासिकापिं जानाः लिफः स्वये म्वाःक धर्म प्रचार याना बिज्यात । थुकथं नेपाःया बुद्ध शासनय् अद्वितीय योगदान याःगु कदर स्वरूप म्यानमार सरकारं वि.सं २०५१ पुष २० गते अति उच्चगु **अगगमहागन्थवाचक पण्डित उपाधि** लःल्हागु खः । स्वीदँ न्ह्यःया खँ जुल थ्व । थौं गुइदँया उमेरय् ला त्यानु मचाःम्ह गुरूमां थ्व उपाधि प्राप्ति लिपा न्हून्हूगु ज्याझ्वः ज्वनाः गुलि ब्वांवन गुलि ब्वां वन धयां, च्वयां साध्य मजू । म्यानमार सरकारं हाकनं मेगु पदवी बीगु जुल । थ्व पालय् गुरूमां म्यानमार बिज्याये मफुत । उकीं नेपाःया लागि म्यानमारया राजदूतावासपाखें धर्मकीर्ति विहारय् वयाः पदवी लःल्हाइगु जुल । वि.सं. २०८२ बैसाख ८ गतेया दिनस विहारय् राजदूतावासया प्रथम सचिवं ज्याइव न्ह्याकाःलि धम्मवती गुरूमांयात ससम्मान **महासद्धम्म जोतिकधज पदवी** लःल्हात ।

**जीवनी सफू :**

धम्मवती गुरूमांया जीवनी सफूया खँ ल्हायेगु खःसा **यःम्ह म्ह्याय्** उपन्यास सकसिनं स्यूगु हे जुल । थ्व सफूया आधारय् गुलिखे च्वमिपिनिपाखें लेख, रचना पिहां नं वल । थुकिया मौलिक सफू बर्माया प्रसिद्ध साहित्यकार भिक्षु **र वे थ्वं** (तिलोकञाण) नं च्वया बिज्याःगु बर्मी भाय्या **तमी छेत्** खः । नेपाःया छम्ह मिसा मचाया चित्त प्रबलता, जोश शक्ति व आत्मसमर्पणप्रति तसकं प्रभावित जुयाः वस्पोलं उपन्यास च्वया बिज्यागु खः । वस्पोल भिक्षुं थुगु सफुतिइ व्यक्त याना तःगु वाक्य छगू थन न्ह्यथने बहः जू "... ... **समस्त नारी जातिं नमूना काये बहःगु, बुद्धधर्मया लागी दसु तये योग्यगु थेरवादि बुद्ध शासनया लागी उत्साहजनकगु छगू घटना जूगुया निंतिं नारी जगत छगुलिंया लागि न्ह्याबलेंदया च्वने बहःगु घटना खः,थथे जिमि लेखक समाजं दृढ विश्वासतयाः नुगलय् घाना च्वनागु दु।**... ..." थुकिया नेपालभासां ज्ञानपूर्णिक महास्थविरं वि.सं. २०२७ स **यःम्ह म्ह्याय्** नामं भाय् हीका बिज्यागु खः । गुकियात श्रेष्ठ सिरपाः नं लात । वि.सं २०४७ स मोतीकाजी शाक्यं **स्नेही छोरी** नामं नेपाली भासां भाय् हीका दिल सा सन् २०१६ स गीता मानन्धरं **Beloved Daughter** नामं अंग्रेजी भासां हीका दिल । वि.सं. २०८० स थाई भिक्षु फोकनापाखें थाई भासां **बुतरी फू पेन हान् दुवंगहथाइ** नामं प्रकाशन जुल । थाइ भिक्षुपिं धर्मकीर्ति विहारय् बिज्यानाः सफू बिमोचन याना बिज्यागु खः । बि.सं. २०४९ स बौद्ध विद्वान रत्नसुन्दर शाक्यं **अनगारिका धम्मवती** नामं जीवनी सफू पिथना दिल । धम्मवती गुरूमांया ९२ बुदिंया लसताय् **Venerable Dhamamvati Guruma** नांगु धम्मवती गुरूमांया जीवनी सफू डा. रीना तुलाधरं च्वःगु, अरूण सिद्धि तुलाधर व केशव डंगोलपाखें तस्वीरया व्यवस्थापन जूगु सफू पिदंगु दु । थुकथं वस्पोल राष्ट्रिय, अन्तरर्राष्ट्रिय जगतय् प्रसिद्ध जुजुं वनाच्वंगु जुल ।

अन्तय् **यःम्ह म्ह्याय्** उपन्यासया खँग्वः छक्व हाकनं त्याये काये हे माल । छाय्धाःसां दृढ संकल्प ज्वनाः धर्मया लागि आत्मसमर्पण याःम्ह गणेशकुमारी थौं थुलि राष्ट्रिय, अन्तरराष्ट्रिय जगतय् प्रसिद्ध जुजुं वनी धयागु भविष्यवाणी उपन्यासया मू च्वमिं उबलय् हे स्यू थें च्वं । उपन्यासया अन्तिम निगू पाय्रा थन न्ह्यब्वये "... ... **रात्री अन्धकारं नगुत नं खने मदय्क गगन तोपुयाः च्वंगु समये फुतिफाति वया च्वंगु वाया दथुं निर्भयतां आत्मसमर्पण यानाः छें बिस्युं वयाः धर्म व शासन शिक्षा अनिवार्य प्रयत्नं लुइकूम्ह यःम्ह म्ह्याय् गणेशकुमारी प्रज्ञावती, शीलवती गुरुमां भावं शासन प्रचारार्थ मातृभूमिइ थ्यनीन ।**

**अनुज्वलित अप्रकाशित बालिका अवस्थां पलायन जुयाः आत्मसमर्पणं परियत्ति प्रतिपत्ति समस्त ज्ञान व बुद्धि दुम्ह जुयाः नेपाः देशय् थ्यंकः वनीम्ह मां अबुया यःम्ह म्ह्याय्, नेपाः देया यःम्ह म्ह्याय्, तथागत शासनया यःम्ह म्ह्याय्,थुम्ह यःम्ह म्ह्याय् गणेकुमारीं थेरवाद शासनया रश्मि मिज्वालायात मां भूमण्डलया निर्तिं प्रज्वलितं धारण याःगु जुल धन्य .... ।"**

वस्पोल श्रद्धेय गुरूमांया पादकमलय् सहस्रवार वन्दना यासे च्वसु थन हे क्वचायेके ।


लिधंसा सामग्री -

१) श्रद्धेय धम्मवती गुरूमांयाके न्यनेकने
२) महास्थविर र वे थ्वं या यःम्ह म्ह्याय् भाय् ह्यूम्ह भिक्षु ञानपुणिक, ने.सं. ११३३, नेवाः जागरण मञ्च, ध्वाकाबहाः,यैं ।
३) धर्मकीर्ति पत्रिका, २०७९, वर्ष ४०, अङ्क १ निसें अङ्क १३ तक
४) धर्मकीर्ति पत्रिका, २०८०, वर्ष ४१, अङ्क १ निसें अङ्क १२ तक
५) धर्मकीर्ति पत्रिका, २०८१, वर्ष ४२, अङ्क १ निसें अङ्क १३ तक
६) धर्मकीर्ति पत्रिका, २०८२, वर्ष ४३, अङ्क १
७) सम्यक सन्देश, २०८१, वर्ष ७, अङ्क ३३

## गुरु पूजा

*२०८२ असार २६ गते, बिहिवार, गुरु पूर्णिमा*
*स्थान- धम्महल, धर्मकीर्ति विहार ।*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले, गुरु पूर्णिमाको दिन वर्षेनी सञ्चालन गर्दै आइरहेको गुरुपूजा कार्यक्रम यसदिन सम्पन्न गरियो । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव लोचनतारा तुलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा गोष्ठीका सदस्यहरूले श्रद्धेय धम्मवती गुरुमां प्रमुख विहारका आवासिय गुरुमांहरूलाई यथाश्रद्धा दान प्रदान गर्नुका साथै धर्मकीर्ति विहारको भान्छाको लागि आवश्यक सामानहरू दान गरी पुण्य सञ्चय गरिएको थियो ।

रामकुमारी मानन्धरको संयोजकत्वमा सञ्चालित उक्त कार्यक्रमको अन्त्यमा श्रद्धेय धम्मवती गुरुमांले गुरु पूर्णिमाको महत्व उल्लेख गर्नुहुँदै ओवाद दिनुभएको थियो । यसरी नै धर्मकीर्ति विहारका आवासिय गुरुमां समूहबाट श्रद्धेय धम्मवती गुरुमांलाई आवश्यक औषधी दान गर्नुभएका थिए । सोही दिन गुरुमांहरूबाट धर्मचक्रप्रवर्तन सूत्त पाठ गर्नुभएका थिए । भगवान् बुद्धले आषाढ पूर्णिमाकै दिन सारनाथ स्थित मृगदावनमा बुद्धत्व लाभ पछि सर्वप्रथम पञ्चभद्रवर्गिय भिक्षुहरूलाई धर्मचक्र प्रवर्तन गरी धर्मको चक्र घुमाउनु भएको थियो । ✿

## थम्हं यानागु थःतंतुं



✍ – **मचाकाजी महर्जन**
*तंलाछी मार्ग, दथुननी-६१*

संसार स्वय्‌बले न्ह्यइपुसे च्वं
गुलि दुःख जाःगु धकाः स्यूगु मखु
ब्वाँय्‌वनाच्वना तृष्णाया ल्यूल्यू
कन्हे छु गथे ज्वी स्यूगु मखु
दान पुण्य यानाः धर्म याय् सय्‌क्य
शील पालन यानाः ध्यान याय् सय्‌क्य
थौ पालन यानागु दान, शील व भावना कर्मे
लोभ, द्वेष व मोह मन सालक्यत गुहाली ज्वी
फत्तले हे खः दान धर्म याय्‌गु
मफय्‌का भ्नीसं छु हे याय्‌फै ?
थम्हं याक्व धर्म व पाप जक हे
सी धुंकाः थःगु ल्यूल्यू वई
बाँलाक बिचाः याय् सय्‌क्य
छु याय् ज्यू छु याय् मज्यू
थम्हं यानागु ज्या व खँया फल
मेपिसं मखु थम्हंहे भोग मयास्य मगाः ।



**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**

**आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ।।**
**यही नै बुद्धको उपदेश हो ।**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel. 4226825 / 4244173

# बिश्व मोटर ट्रेडर्स

अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।
मोवाइलः ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्‌हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

# I must Study in Burma !

"Mother, will you send me to Burma to study the Tripitaka? I'm determined to go. No matter what, I must go!"

